# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः १४ अगस्त २०२५**

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले स्वतंत्रता दिवसको पूर्व संध्यामा आज सात बजी देशवासीहरूलाई संबोधित गर्नु हुनेछ।

- गोरखाल्याण्ड क्षेत्रिय प्रशासन क्षेत्रमा भोली भव्य रूपले ७९ औं स्वतंत्रता दिवस पालन गरिनेछ। प्रधानमंत्री नरेन्द्र मोदीले ऐतिहासिक लालकिल्लाको प्राचीरदेखी तिरंगा फहराउनु हुनेछ।

- १२ औं कन्याश्री दिवसमा दार्जीलिङ्की प्रतिमा राई कोलकातामा मुख्यमंत्री ममता ब्यानर्जीको हातबाट सम्मानित।

- जीटिए क्षेत्रमा पनि अपरान्ह ३ बजे देखि ६ बजी बीच नेपाली चलचित्र ,प्रत्येक सिनेमा घरहरूमा देखाउनु पर्ने मांग प्रमुख कार्यपाल थापाले गरका छन्।

- भारतमा पूर्व विदेश सचिव तथा राज्य सभा सांसद हर्षवर्धन श्रृंगलाको आगमानमा दार्जीलङ्मा तिरंगाका साथ भव्य स्वागत ।

**राष्ट्रपति संबोधन**

राष्ट्रपति द्रौपदी मुर्मुले आज स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा राष्ट्रलाई सम्बोधन गर्नु हुनेछ ।यो सम्बोधन साँझ 7 बजेदेखि आकाशवाणीको सम्पूर्ण राष्ट्रिय नेटवर्कमा प्रसारित गरिनेछ। यो दूरदर्शनका सबै च्यानलहरूमा हिन्दी र अंग्रेजीमा प्रसारित गरिनेछ।दूरदर्शनमा हिन्दी र अंग्रेजीमा सम्बोधनको प्रसारण पछि, यसलाई क्षेत्रीय च्यानलहरूबाट क्षेत्रीय भाषाहरूमा पनि प्रसारण गरिनेछ। आकाशवाणीसित संबंधित क्षेत्रीय नेटवर्कमा राती साढ़े नौ बजे देखि क्षेत्रीय भाषाहरुमा यसको प्रसारण गरिनेछ।

**जीटिए- स्वतंत्रा दिवस**

गोरखाल्याण्ड क्षेत्रिय प्रशासन इलाका तथा सिलगड़ी तराई डुर्वस लगायत उत्तर बंगालका सबै जिल्ला तथा महकुमाहरूमा भोली स्वतंत्रता दिवस धुमधाम सित भव्य रूपमा पालन गरिनेछ। यसका लागि सरकारी तथा संस्थागत स्तरमा सबै तैयारीहरू पुरा गरिएको छ। कालेबुङमा ऐतिहासिक १४५ अगस्त समारोहको तैयारी मेला ग्राउण्डमा लगभग पूरा भएको छ।स्मरण रहोस विगत ६ भन्दा बढ़ी दशक देखि कालेबुङको स्वतंत्रता दिवस समारोह भारतमै मनाईने वृहत समारोहहरू मध्ये एक थियो। नब्बेको दशकमा आन्दोलनले यसको गरिमा र गौरव धमिलिएको भए पनि अब यसको गौरव पुनः फर्काई ल्याउने प्रयास गरिन्दैछ। यसको लागि कालेबुङ शहरलाई तिरंगाहरूले सजाईएको छ। शहरका छेउछाउमा रहेको सबै विध्यालयहरूमा स्वतंत्रता दिवस परेडको तैयारीहरू जोर शोरले चलिरहेका छन्। यस अवसरमा विभिन्न सांस्कृतिक कार्यक्रमहरू तथा ड्रिलहरूको प्रदर्शन गरिनेछ भने अपरान्ह ७९ औ स्वतंत्रता दिवस शहीद कप फाईनल म्याच तरंगाबाड़ी खपरैल तथा कालेबुङ पुलिस बीच खेलिनेछ। यसरी नै भोली खरसांगको मन्टिभियट खेल मैदानमा भव्य स्वतंत्रता दिवस समारोहको आयोजना गरिएको छ। दार्जीलिङ , मिरिक, सिलगड़ीमा भोली भव्य परेडहरूको आयोजना गरिएको छ। यसै बीच पहाड़मा पनि हर धर तिरंगा अभियानले जोर पक्रेको छ।

**प्रधानमंत्री-स्वतंत्रता दिवस**

राष्ट्रले भोलि स्वतन्त्रता दिवस मनाउँदैछ । प्रधानमन्त्री नरेन्द्र मोदीले दिल्लीको लालकिल्लाको प्राचीरबाट राष्ट्रिय झण्डा फहराउनुका साथै राष्ट्रलाई सम्बोधन गर्नुहुनेछ । सन् 2047 सम्ममा विकसित भारतको सरकारको परिकल्पना अनुरुप यस वर्षको स्वतन्त्रता दिवसको विषय वस्तु 'नयाँ भारत' रहेको छ । अपरेशन सिन्दूरको सफलता यस वर्षको स्वतन्त्रता दिवस समारोहमा

मनाइनेछ। निमन्त्रणा कार्डमा अपरेशन सिन्दूरको लोगो र चिनाब पुलको वाटरमार्क पनि रहेको छ । यस वर्ष लालकिल्लामा आयोजना हुने कार्यक्रममा विभिन्न क्षेत्रका करिब पाँच हजार विशिष्ट अतिथिलाई आमन्त्रण गरिएको छ । जसमा विशेष ओलम्पिक 2025 मा भाग लिने भारतीय टोली, अन्तर्राष्ट्रिय खेल प्रतियोगिताका विजेता र खेलो इन्डिया पारा गेम्सका स्वर्ण पदक विजेताहरू रहेका छन्। नागरिकहरूमा देशभक्तिको भावना लाई बढावा दिन र अपरेशन सिन्दूरको विजयको उत्सव मनाउनको लागि, स्वतन्त्रता दिवस समारोहको साँझ पहिलो पटक देश भरि धेरै ब्यान्डहरुले प्रदर्शनि गर्नेछन्। सेना, नौसेना, वायु सेना, भारतीय तटरक्षक बल, एन.सी.सी, सी.आर.पी.एफ, आई.टी.बी.पी, सी.आई.एस.एफ, एस.एस.बी, बी.एस.एफ, आई.डी.एस, आर.पी.एफ र असम राइफल्सका ब्यान्डहरूले देशका १४० भन्दा बढी प्रमुख स्थानहरूमा यी प्रदर्शनि प्रस्तुत गर्नेछन्।

**कन्या श्री दिवस**

पश्चिम बंगालमा आज १२ औं कन्या श्री दिवस पालन गरियो। मुख्यमंत्री ममता व्यानर्जीले १२ वर्ष अघि १४ अगस्तलाई राज्यमा कन्या श्री दिवस पालन गर्ने घोषणा गर्नुभएको थियो उहाँले धनधान्य प्रेक्षा गृह कोलकातामा आयोजित यस दिवस समारोहलाई सम्बोधित गर्दै राज्यमा आज ६३ लाख कन्याश्रीहरू रहेको भन्दै आगामी वर्ष यसलाई एक करोड़ गर्ने लक्ष्य राख्नु भयो।

BYTE

**सी.एम पत्राचार**

राज्यकी मुख्यमंत्री सुश्री ममता व्यानर्जीले एउट आधिकारिक आदेश जारी गर्नुहुँदै अब उसो राज्यका सबै सिनेमा घरहरूमा अनिवार्य रूपमा प्रत्येक दिन दिउँसो ३ बजेदेखि राति ६ बजेसम्मा कुनै पनि समय एउटा बंगला चलचित्र प्रदर्शन गर्नुपर्ने भनेर भन्नुभएको छ। प्राइम टाईम मा एउटा बंगला चलचित्र राज्यका हरेक सिनेमा घरमा देखाउनु पर्ने छ। यता जीटिए क्षेत्रका लागि अनिवार्य क्षेत्रिय सिनेमा नीतिमा नेपाली भाषाका चलचित्र समोवशको अनुरोध गर्दै आज जीटिए का प्रमुख कार्यपाल अनीत थापाले मुख्य मंत्री ममता व्यानर्जीलाई पत्राचार गर्नुभएको छ। पत्रमा श्री थापाले जीटिए क्षेत्रमा नेपाली भाषी समुदायको सांस्कृतिक पहिचान र समुद्धिको निम्ति यस क्षेत्रका सिनेमा घरहरूमा अनिवार्य रूपमा नेपाली भाषाका चलचित्र प्रदर्शन गराउने व्यवस्था आवश्यक रहेको मांग गर्नुभएको छ। पत्रमा मुख्यकार्यपालले यदि यहाँको मौलिक अनि स्थानीय फिल्म संस्कृतिको संरक्षण अनि समुचित प्रतिनिधित्व नभएको खण्डमा क्षेत्रिय सिनेमाको नीति अपुरो रहने भनी लेख्नु भएको छ।

**श्रृंगला- स्वागत**

भारतका पूर्व विदेश सचिव तथा जी-२० का लागि संयोजक रहनु भएका राज्य सभा सांसद हर्षवर्धन श्रृंगलालाई दार्जीलिङ आगमनमा आज भव्य स्वागत जनाईयो। राष्ट्रपति द्रौपदी मुर्मुले हालै उहाँलाई राज्यसभाको सदस्य मनोनित गर्नुभएको थियो तथा यसै मनुसन सत्रमा उहाँलाई संसदमा शपथ दिलाईएको थियो। अपरेशन सिन्दुर माथि सदनमा भएको चर्चामा सत्ता पक्षबाट उहाँ पनि एक वक्ता हुनुहुन्थ्यो। अपरेशन सिन्दुर पछि भारत सरकारले विदेशहरूमा पाकिस्तानलाई उदांगो पार्न पठाईएको सर्वदलीय प्रतिनिधि टोलीमा श्री श्रृंगला पनि विदेश जानुभएको थियो। तथा भारतको पक्ष बलियो संग राख्नु भएको थियो। दार्जीलिङ्का छोरा हर्षवर्धन सांसद बनेपछि पहिलो चोटि आज दार्जीलिङ आएका हुन्। उनको स्वागत गर्न सैकड़ौको संख्यामा भाजपा समर्थकहरू तथा अन्य संघ संस्थानका मानिसहरू भेला भएका थिए तथा क्लब साइड देखि भानुभवन सम्म एउटा शोभायात्रा निकालियो। तिरंगाहरूका साथ यस स्वागत शोभायात्रामा श्री श्रृंगलालाई समाजका विभिन्न वर्गका मानिसहरूले खदा- माला लगाएर अभिनन्दन जनाएका थिए। हिजो उहाँको स्वागतमा बागडोगरा हवाई अड्डा देखि सिलगड़ीको उत्तरायाण सम्म तिरंगा यात्रा निकालियो। आज खरसांगमा पनि बिहान तिरंगाका साथ उहाँको भव्य स्वागत गरियो।

**पैह्रोको जोखिममा कतिपय घर**

मिरिकमा लगतार परिरहेको पानीले निर्माणाधीन मिरिक सरकारी अस्पताल नगीचमा रहेको कतिपय घरहरू पैह्रोको जोखिममा परेको छ। हाल मिरिक महकुमा अस्पतालको निर्माण कार्य धमाधम भइरहेको कारण छेउछाउका कतिपय घरहरू पैह्रोको जोखिममा रहेपछि जोखिममा रहेको घरका मानिसहरूलाई सुरक्षीत स्थानमा बसाइएको छ।उक्त क्षेत्रको स्थलगत भ्रमण

मिरिक महकुमा शासक तेन्जी सिमकी ओगेनएजीटीए स्वास्थ अनि जनकल्याण विभागका कार्यकारी सभासद अरूण सिग्चीएसभासद मिलेस राई, मिरिक नगरपालिका अध्यक्ष एलबी राईले गरेपछि पैह्रो रोकथामको लागि तारपोलिन प्रदान गरेको छ भने घरलाई सुरक्षीत राख्न सबै प्रकारको उपाय लगाँउने आश्वसन दिएको छ।

****** ० ******